लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
कृषि ज्ञान केन्द्र

तम्घास, गुल्मी

पत्र संख्या : ०८३/८४
सूचना नं : ०४। २०८३।८४

कार्यक्रम सञ्चालनका लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन भएको मितिः २०८३।०७।१८)

आर्थिक वर्ष २०८३।८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसील अनुसारका कार्यक्रमहरूमा सहभागी हुन इच्छुक आवेदकहरूले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८३।०८।०८ गते सम्म) यस केन्द्रमा तपसिल अनुसारका कागजातहरू सहित केन्द्रले निर्धारण गरेको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन सम्बन्धित सबै (कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/ फर्म/कम्पनी) को जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि कृषि ज्ञान केन्द्र, गुल्मीको वेवसाईट (akcgulmi.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क्र. सं	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	न्यूनतम मापदण्ड	कार्यक्रम सञ्चालन हुने स्थान	अनुदानको सिमा
१	संरक्षित संरचनाभित्र तरकारी खेतीका लागि प्लाष्टिक वितरण कार्यक्रम	• टनेलभित्र तरकारी खेतीका लागि प्लाष्टिक खरिद तथा वितरण।	• कार्यालयले उपयुक्त फर्म/कम्पनी/कृषक समूह/कृषि सहकार छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, • प्लाष्टिक बाहेकको संरचना बनाएको हुनुपर्ने।	जिल्ला भर	अधिकतम ५० प्रतिशत अनुदान सहयोग ।
२	मागमा आधारित कृषि विकास कार्यक्रम	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले माग गरेका बालीबस्तुको उत्पादन/ प्रशोधन/बजारीकरणसँग सम्बन्धित कार्यक्रमहरु, • उत्पादन, प्रशोधन ,बजारीकरणसँग सम्बन्धित यन्त्र उपकरण तथा अन्य आवश्यक सामग्री।	• कार्यालयले प्रस्तावकसँग कार्ययोजना सहितको प्रस्ताव मागको सूचना आह्वान गर्नुपर्ने, • कार्यालयले प्राप्त प्रस्तावलाई निर्धारित सूचकका आधारमा मूल्याङ्कन गरी आयोजना छनोट गर्नुपर्ने।	जिल्ला भर	प्रति आयोजना अधिकतम रू. १ लाखमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग।

क्र. सं	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	न्यूनतम मापदण्ड	कार्यक्रम सञ्चालन हुने स्थान	अनुदानको सिमा
३	कृषक समूह मार्फत कृषि यान्त्रिकीकरण कार्यक्रम	• सिंचाइसँग सम्बन्धित उपकरण बाहेकका कृषि यन्त्र उपकरण खरिद	• कृषक समूह मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने • कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र उपकरणहरु सम्बन्धित कृषक समूहले खरिद गर्नुपर्ने।	जिल्ला भर	• कृषक समूह/कृषि सहकारीको हकमा प्रति अनुदानग्राही अधिकतम रू .पाँच लाखमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग।
४	सहकारी मार्फत कृषि प्रवर्द्धन कार्यक्रम	सहकारी संघ/संस्थाहरु मार्फत कृषि जन्य उत्पादन, प्रशोधन, बजारीकरण सँग सम्वन्धित प्रविधिमा आधारित मेशिन,औजार,उपकरण,सामाग्रीमा सहयोग	• सहकारी संघ/संस्थाहरुले कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने, • सहकारी संघ/संस्थाले नयाँ व्यवसाय आफैले सञ्चालन गर्नुपर्ने वा सञ्चालन गर्दै आएका व्यवसाय भएमा व्यवसाय वा प्रविधि विस्तार सँग सम्वन्धित क्रियाकलापहरु थप गरि सञ्चालन गर्नुपर्ने, • दर्ता भएको मितिले २ बर्ष पुगेका वचत तथा ऋण बाहेकका सहकारी संघ/संस्था हुनुपर्ने • कानूनी रुपमा समस्या नभएका वा कालो सूचिमा नरहेका संघ/संस्था हुनुपर्ने, • संस्थाको उद्देश्य र कार्यक्षेत्र प्रस्तावित आयोजनासंग मेल खाएको हुनुपर्ने • दुई लाख भन्दा कम लागतको प्रस्ताव पेश गर्न पाईने छैन	जिल्ला भर	सहकारी संघ/संस्थाले पेश गरेको प्रस्तावको कूल रकमको ५० प्रतिशत वा अधिकतम पाँच लाख सम्ममा जुन कम हुन आउँछ सो रकम प्रदान गरिने।

०२३।०८।१२
कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
कृषि ज्ञान केन्द्र

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
गुल्मी, नेपाल

पत्र संख्या : ०८३/८४
सूचना नं : ०४। २०८३।८४

तम्घास, गुल्मी

<u>आवश्यक कागजातहरू:</u>

१. प्रस्तावकको निवेदन (अनुसूची बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि) ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि(छनौट भएमा सम्झौता पुर्व पेश गर्नुपर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार अनुसूची बमोजिम) ।
६. प्रस्ताव स्वीकृत गरि अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
७. निर्माणको गरिने पूवार्धारको हकमा लागत अनुमान र नक्सा।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि।

पूनश्चः उल्लेखित मिति भित्र आवश्यक कागजात तथा प्रक्रिया नपुगेका आवेदनहरु माथि प्रक्रिया अगि बढाउन कार्यालय बाध्य हुने छैन । आवेदन तथा प्रस्ताव भर्न नजानेका कृषक, कृषक समूह तथा सहकारीहरुलाई कृषि ज्ञान केन्द्रमा स्थापना गरिएको सेवाग्राही सहयोगि कक्षमा रहेका कर्मचारीहरुबाट आवश्यक सहयोग लिन सकिने छ ।

<u>थप जानकारीका लागि</u>
कृषि ज्ञान केन्द्र, गुल्मी
फोन नं :०७९ ५२०१२६
मोबाइल नं: ९८५७०८५१२६
वेभ साइट akcgulmi.lumbini.gov.np

२०८३/०७/१२
निमित्त कार्यालय प्रमुख